# आर्थिक बर्ष २०७८।७९ को
# नीति, कार्यक्रम तथा बजेट

## चँखेली गाँउपालिका
## गाँउकार्यपालिकाको कार्यालय पिप्लाङ्ग ,हुम्ला
## कर्णाली प्रदेश, नेपाल
### २०७८

गाँउसभाको बैठक

**मिति२०७८।७९** साल असार **१५** गते मंगलबार चंखेली

गाँउपालिकाका उपाध्यक्ष श्री विमला कुमारी शाहीज्यू

# आर्थिक बर्ष **२०७८।७९** को नीति तथा कार्यक्रम र बजेट बक्तव्य

चँखेली गाँउपालिका

पिप्लाङ्ग हुम्ला

२०७८

सम्मानित अध्यक्ष ज्यू ,

गाँउसभाका सदस्य ज्यूहरु,

उपस्थित महानुभावहरु,

चंखेली बासी दाजुभाइ तथा दिदि बैनिहरु

**"कृषि, पर्यटन र पूवार्धारः चंखेली विकासको आधार" भन्ने मुल नारा**

प्रथमतः चंखेली गाउँपालिकाको गरिमामय गाउँसभामा पाँचौ पटक निति तथा कार्यक्रम सहितको बजेट बक्तव्य गर्न पाउँदा आफुलाई भाग्यमानी महसुस गरेकि छु , साथै यस गरिमामय गाउँसभामा उपस्थित सम्पुर्णलाई हार्दिकताका साथ स्वागत ज्ञापन गर्न चाहन्छु । चंखेली गाउँपालिकाको ऐतिहासिक पाँचौ गाउँसभा तथा बजेट अधिवेशन सम्म आइपुग्दा विगतका गाउँसभाद्धारा पारित निति कार्यक्रम, योजना तथा बजेट लाई कार्यन्वयन गरेर गाउँ सम्वृद्दिको जनआकांक्षालाई पूरा गर्नका निम्ती जनादेश प्राप्त गरेको स्वर्णिम ऐतिहासिक दिनदेखि आज सम्मानित पाँचौ गाउँसभा तथा बजेट अधिवेशन सम्म उपस्थित भएको यो गर्विलो घडी सम्म विकास र सकरात्मक परिवर्तनको गतिलाई अतुलनिय योगदान पुर्‍याउनु हुने सम्पूर्ण गाउँ सभाका सदस्यहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस अवसरमा विभन्न कालखण्डमा राष्ट्रिय स्वाधिनता र स्वाभिमानको लडाई, राजनितिक, सामाजिक एवं आर्थिक परिवर्तनको लडाई तथा समानता र सामाजिक न्यायको लडाईमा आफ्नो अमुल्य जिवनको बलिदान गर्नहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली र जनयुद्ध जनआन्दोलनका घाइते अपाङ्ग, बेपता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु । साथै आफ्नो दक्षता र योग्यता अनुरुप देशको सामाजिक, साँस्कृतिक , राजनैतिक एवं आर्थिक रुपान्तरणको कर्यभार पूरा गरि देशलाई समृद्धिको बाटोमा डोर्‍याउन जनसमुदायलाई उच्च सम्मानका साथ प्रशंसा गर्दै बधाई तथा धन्यवाद ज्ञापन गर्दछु ।

कोरना भाइरस(कोभिड–१९) को महामारीको मारमा थला परिरहेको विश्व अर्थतन्त्र त्यसमाथी विकासशिल राष्ट्रिय अर्थतन्त्रलाई जिवन्त बनाईराख्नु एकदमै चुनौतिपुर्ण रहेको छ । आर्थीक वर्ष २०७७।७८ को चौथौ गाउँसभाले स्वीकृत भएका निती कार्यक्रहरुको कार्यान्वयन प्रगति विश्व महामारीको रुपमा रहेको कोभिड–१९ को संकटपूर्ण प्रभावका कारण हामीले लिएको लक्ष्य अनुरुप उपलब्धी हासिल गर्न सकेनौ । यसका साथै विश्व जगत आक्रान्त भइरहेको यस संवेदनशिल

घडिमा यस गाउँपालिकाका कार्यक्रम योजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाको सिंगो टिम अहोरात्र खटि जिवन जोखिम राखेर सेवा प्रवाह गरिरहेका छौ । यस्तो महामहारीको बेला पनि सेवा प्रवाहमा निरन्तर लागि पर्नु हुने म लगायत ,वडा अध्यक्ष, कार्यपालिका सदस्य , वडा समितिका सदस्य, सम्पूर्ण कर्मचारी, स्वास्थ्यकर्मी, राजनितीक दल, संचारकर्मी लगायत सरोकारवाला सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्राकृतिक सौन्दर्यता सास्कृतिक विविधता मेहनती र परिश्रमी जनता र भौगोलिक विशिष्टता र सुन्दरता यस गाँउपालिका र समग्र हुम्लाकै सम्पतिको रुपमा रहेको छ। कृषि तथा औषधिजन्य जडिबुटीहरु ,पर्यटन जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको चँखेली गाँउपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक सास्कृतिक आर्थिक विकास हुनसकेको छैन। यद्यपि उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोंच दृढ संकल्प र सामुहिक ईच्छाशक्ति साथ यस चँखेली गाँउपालिकाको नयाँ भविष्यको जिम्मेवारी चँखेली गाँउपालिकाका जनताहरुले हाम्रो काँधमा सुम्पिएका छन्। त्यसैले विकसित र समृद्ध चँखेली गाँउपालिका निर्माण गर्न हामीलाई कुनै वाहानाले छेक्नु हुदैन।

माननीय सभा अध्यक्ष ज्यू,सदस्य ज्यूहरु तथा उपस्थित महानुभावहरु,

बजेट तथा कार्यक्रमको उदेश्य मुख्य मुख्य नीतिहरु अब म संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**बजेटको प्रमुख उदेश्य**

आ.ब.२०७८।७९को यस चँखेली गाँउपालिकाको योजनाको प्रमुख उदेश्य आर्थिक,सामाजिक,सास्कृतिक रुपान्तरण गर्दै पूर्वाधारहरुको विकास गरी यस गाँउपालिकालाई स्तरोन्नती गर्न योगदान पुर्याउनु रहेकोछ।

**मुख्य नितीहरु**

- चंखेली गाउँपालिका भित्रका आम नागरिकहरुलाई आधारभूत सवास्थ्यको सुनिश्चितता गरि गाउँपालिका बासीलाई कोभड १९ विरुद्धको पुर्ण खोपको सुनिश्चितता गरिनेछ ।
- गाउँपालिका बासीलाई पुर्ण खोपको सुनिश्चितता गरि कोभड १९ को कारण अक्सिजन अभावले गर्दा कुनैपनि गाउँपालिकावासीले मृत्युवरण गर्नुपर्ने अवस्था आउन दिइनेछैन ।समता, समानता र सशक्तिकरण्को नीतिलाई अवलम्बन गर्दै बालमैत्री,अपाङ्गमैत्री,लैङगिकमैत्री तथा छुवाछुतमुक्त गाउँपालिका निर्माणका लागि पुर्वाधार विकास तथा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- यस गाउँपालिकामा शतप्रतिशत साक्षर एवं शतप्रतिशत भर्नादर कायम राख्न उचित वातावरणको तय गरी गाउँपालिकामा गुणस्तरीय शिक्षा प्राप्तीका लागि आवश्यकता बमोजिम विद्यालयहरुमा करार दरबन्दी सिर्जना गरी रोजगारीको सुनिश्चितता गरिनेछ ।
- यस गाउँपालिकामा रहेका रैथाने बालीहरुलाई संरक्षण एवं संवद्धन गदै उन्नत जातका विउजिनको उत्पादन ,बजार व्यवस्थापनको सुनिश्चितता गर्न सरोकारवाला निकायसँग समन्वय एवं सहजिकरण गर्ने नीति लिईएकोछ ।
- सडक संजालसँग नजोडिएका वडाहरुमा सडक संजालसँग जोड्ने रणनीति लिईएको छ साथै लोतीखोला ट्रस ब्रिज र सलिसल्ला ट्रस ब्रिज निर्माणका लागि आ.व ०७८।०७९ मा सरोकारवाला निकायहरुसँग पहल गरिनेछ ।

- यसै आ.व भित्र निमार्णकार्य सम्पन्न गर्ने गरी गाउँपालिकाको मुख्य प्रशासनिक भवनका लागी सरोकारवाला निकायसँग समन्वय गरिनेछ साथै गाउँपालिकाभित्र रहेका सरकारी निकायहरुको पूर्वधार विकासको लागि आवश्यक पहल गरिनेछ ।
- आ.व ०७८।०७९ भित्र चंखेली गाउँपालिकालाई अध्यारोमुक्त गाउँपालिका बनाईनेछ ।
- यसै आ.व मा ओखर तथा स्याउ ब्लगको स्थापना गरी अनुदानको व्यबस्था गरिनेछ ।
- गाउँपालिकामा हुन सक्ने भोकमरी तथा खाद्य संकटलाई मध्यनजर गर्दै तत्कालिन तथा दिर्घकालिन राहत तथा खाद्य सुरक्षाका लागि नेपाल सरकार, प्रदेश सरकार र अन्य दातृ निकायहरुसँग अनुरोध गरीनेछ ।
- आधुनिक संचार प्रविधिको विकास र विस्तारमा जोड दिई प्रविधिमैत्री सेवा प्रवाह गरिनेछ ।
- यस गाउँपालिका भित्र प्रदान गरिने सामाजिक सुरक्षालाई यसै आ.व मा अनिवार्य बैंकिङ्ग प्रणलिमा आवद्ध गरिने छ साथै व्यक्तिगत घटना दर्ताका सम्पूर्ण कार्यलाई डिजिटल प्रणलिमा आवद्ध गरिने छ ।
- गृह मन्त्रालय मातहत राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग मातहत कार्यरत MIS operator , Field सहायकहरुको लागि आवश्यक पारिश्रमिक प्रतिबद्धता गरिएका छ ।

**अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०७८।७९ वार्षिक निति, कार्यक्रम तथा बजेट निर्माणका आधारहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**वार्षिक निति तथा बजेट निर्माणका आधारहरु**

- नेपालको संविधान २०७२ को अनुसुची ८ र ९ मा ब्यवस्था भएका स्थानीय तहको एकल तथा साझा अधिकारहरु , मौलिक हकहरु एवं राज्यको निर्देशन सिद्धान्त र नीतिहरु,
- संघिय सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
- नेपाल सरकारबाट स्वीकृत संघ,प्रदेश र स्थानीय तहको कार्य वित्तिय नीतिहरु,
- स्थानीय सरकार संचालन ऐन,२०७४ मा भएको ब्यवस्था ,
- प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ,
- गाउँकार्यापालिकाको आयोजनामा स्थानीय राजनितिक दल, समाजसेवी,बुद्धीजिवी तथा संघ संस्थाका प्रतिनिधिहरुबाट आएका नीतिगत सुझावहरु,
- टोल बस्ती तथा वडा भेलाबाट प्रथामिकिकरण गरी आएका योजनाहरु,
- बिषयगत समितिबाट आएका महत्वपुर्ण नीतिगत विषयहरु,
- राजश्व परामर्श समितिको बैठकका निर्णयहरु,
- हाल सम्म गाउँसभाबाट पारित भएका निर्णयहरु,
- बजेट तर्जुमा दिगदर्शन २०७४ ,
- स्थानीय स्रोत साधनहरु,
- विकासका अन्तरसम्बन्धित विषयहरु ।

**सभाध्यक्ष ज्यू,**

**सभा सदस्य ज्यूहरु**

अव म चंखेली गाउँपालिकाको आ.व. ०७८।७९ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्दछु ।

**विषयगत नीति  तथा कार्यक्रम**

# १.आर्थिक विकास

**कृषि विकास तर्फः**

- चंखेली गाउपालिकालाई कृषि क्षेत्रमा व्यवसायीकरण र आत्मनिर्भरकालागी ग्राफ्टिङ्ग ओखर,स्याउविरुवा बितरण,स्याउ प्रशोधन केन्द्रनिर्माण बेमौसमी तरकारी तथा बर्षे फलफुल,बिरुवाबितरण, मौरी पालन, रैथाने(लोपउन्मुखबाली) चिनो,फापर,कागुनो,मार्से आदीबालीको संरक्षण गर्ने जस्ता कार्यक्रम संचालनगरिनेछ ।
- तरकारी तथाफलफुल संकलनतथाप्रशोधन केन्द्र औद्योगिकतथानगदे बालि  र पुष्प खेति,साना सिंचाईको व्यवस्था, माटो परिक्षण,कृषि सडक,कृषकहरुलाई पुरस्कृत तथा भ्रमण को व्यवस्था, कृषकहरुलाई आवश्यक सामाग्रि वितरण जस्ता कार्यक्रमलाई बिशेष प्रथामिकतामा राखिने छ ।

**पशु विकास तर्फः**

- चंखेलीगा. पा. मा ब्याक्टेरीया बिरुद्ध भ्यक्सीनेसन, आन्तरिक तथा बाहिय परजिबि बिरुद्ध खोप,औषधिखरिद,पशु प्रदर्शनी मेला, कृषकहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार को ब्यवस्था, बधशालानिर्माण, डाले घाँस तथाभुइ घासको बिउ बितरण, चरन खर्कको लागी बाटो,पानीको ब्यवस्थापन, कृषक भ्रमणको ब्यवस्था, कृषकलाइजनचेतनामुलकतालीम जस्ता कार्यक्रम संचालनगरिने छ ।
- **पर्यटन**

**उद्योग तथा वाणिज्य विकास तर्फः**

- स्थानिय जडिबुटी तथा कृषि उत्पादनमा आधारित साना तथा घरेलु उद्योगहरुको विकासलाई प्राथमिकता दिइनेछ  ।
- स्थानिय उत्पादनमा आधारित सामानहरुको बजार सुनिश्चित गर्न पहल गरिनेछ  ।साथै स्थानिय उत्पादन प्रयोगमा जोड दिइनेछ  ।

**पर्यटन विकास तर्फः**

- गाँउपालिकाका सम्भाव्य पर्यटकिय स्थलहरुको पहिचान तथा विकास गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गरिनेछ  ।
- चंखेली गाउपालिका अन्तरगत पर्ने पर्यटकिय क्षेत्रको पहिचान गरि प्रचार प्रसारमा जोड दिइनेछ  ।

## २. सामाजिक विकास

### शिक्षाविकास तर्फः

- अनौपचारिक शिक्षालाई निरन्तरता दिदै यसै आ.व मा साक्षर चंखेली घोषणा गरिनेछ ।
- सामुदायिक सिकाई केन्द्रहरुको क्षमता विकासका लागि तालिम ,कार्यक्रम संचालनगरिनेछ ।
- दलित,विपन्न,अपाङ्गहरुलाई अतिरिक्त छात्रवृत्तिको ब्यबस्था गरिनेछ ।
- शिक्षक तथा कर्मचारीहरुलाई तालिमको उचित ब्यबस्था गरिनेछ ।
- विद्यालयमा प्रयोगशाला र पुस्तकालयको स्थापना गरिनेछ ।
- विद्यार्थीहरुको निरन्तर मुल्याङ्कन गरी अविभावकलाई जानकारी गराईनेछ ।
- विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले विद्यालयको आय–व्ययविवरण, भौगलिक अवस्था र विद्यार्थीको सिकाई उपलब्धिहरुलाई बर्षको दुई पटक अभिभावक समक्षअनिवार्य प्रस्तुत गर्नुपर्ने ब्यबस्था मिलाईनेछ ।
- बालविकास सहजकर्ता सामुदायिकसिकाई केन्द्र,विद्यालयका प्रधानाध्यापक र शिक्षकहरुको क्षमता विकासका लागि प्रविधि मैत्री तालिमको ब्यबस्था गरिनेछ ।
- शिक्षक शिक्षक विच अनुभव आदन प्रदान गर्नका लागि गोष्ठी, छलफल, तथा कार्यशालाको आयोजना गरिनेछ ।
- यस चंखेली गाउँपालिकामा स्नातक तह सम्मको शिक्षा हासिल गर्नका लागि क्याम्पस स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।
- शिक्षक तथा बिद्यार्थी पोशाक एवंम आचार संहिताको पालना अनिवार्य गराईनेछ ।
- महादेव मा.वि मा स्थापना भएको प्राविधिक शिक्षा कार्यक्रमलाई गुणस्तरिय बनाउन आवश्यक पहल गरिने छ ।
- बाल स्वास्थ्य र सुरक्षाका लागी कम्तीमा वर्षमा २ पटक स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइने छ ।
- विद्यालयमा खेलकुद मैदान निर्माण गरिने छ ।
- प्रौढ कक्षाका सहजकर्तालाई तालिमको व्यव्स्था गरिने छ ।
- विपद बाट बच्नका लागि बालबालिकालाई नमुना अभ्यास प्रत्येक विद्यालयमा गराउने व्यवस्था गरिने छ ।
- शिक्षक दरबन्दी नभएका विद्यालयहरुलाई दरबन्दी सिर्जना गरिने छ ।
- चंखेली ३ ब्याँफु टोलमा बालविकास केन्द्र (ECD) स्थापना गरिनेछ ।

### स्वास्थ्य विकास तर्फः

- सङ्घीय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल हुने गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन थप बजेटको ब्यवस्था गरी सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिक वासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।
- गाउँपालिका स्तरको महामारी, रोग नियन्त्रण तथा विपद् व्यवस्थापन आकस्मिक योजना बनाई कार्यन्वयन गरिने छ । साथै महामारी तथा प्राकृतिक प्रकोपको ब्यवस्थापन गर्न पालिकास्तरमा कोष स्थापना गरिनेछ ।
- कोरोना भाइरस रोगको संक्रमण रोकथाम, उपचार र नियन्त्रणका लागि प्रदेश र सङ्घीय सरकारसँग समन्यव गरी मापदण्ड अनुसारको ब्यवस्थापन गरिने छ ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाइ मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको ब्यवस्था गरिने छ ।
- गाउँपालकिा स्तरका कक्षा ६ देखी १२ कक्षा सम्म कक्षा संचालन भएका बिद्यालयहरुमा Sanitary Pad ब्यवस्था गरिने छ ।

- स्कुल हेल्थ नर्सको व्यवस्था गरी विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच गर्ने कार्यलाई ब्यवस्था गरीनेछ साथै किशोर किशोरीहरुलाई उचित परामर्शको ब्यवस्था गरिने छ ।
- महिला स्वास्थ्य स्वयं सेविकाको सेवालाई थप प्रभावकारी वनाउन प्रोत्साहन स्वरुप मासिक सञ्चार खर्चको ब्यवस्था गरिने छ ।
- स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिका कार्यहरु थप प्रभावकारी वनाइनुका साथै स्वास्थ्य संस्थाको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीको मनोवल बढाउने र शुसासन कायम गर्ने कार्यलाइ प्राथमिकता दिइने छ ।
- उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मिर्गौला लगाएतका नसर्ने रोगको पहिचान परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइने छ ।
- गाउँ क्षेत्रबाट निस्कने फोहोरको उचित ब्यवस्थापन गरी वातावणरीय प्रदुषण कम गर्नुका साथै सरुवा रोगको नियन्त्रण गर्ने कार्यलाई समेत प्राथमिकता दिइने छ ।
- गाउँपालिका वासीहरुको दिर्घकालीन आरोग्यताको लागि एक गाउँ एक योग शिवीरको आयोजना गर्ने व्यवस्था मिलाईनेछ । साथै स्थानीय जडीबुटी तथा उपचार पद्धती जस्तैः आम्ची, बैद्य, यूनानी आदिलाई व्यवस्थीत गर्दै लगिनेछ ।
- मातृ तथा नवजात शिशुहरुको सुस्वास्थ्यको लागि गाउँपालिकामा एकजना नर्सिङ्ग स्टाफलाई अल्ट्रासाउण्ड तालिको व्यवस्था मिलाई ग्रामीण अल्ट्रासाउण्ड कार्यलाई व्यवस्थीत र प्रभावकारी बनाईनेछ ।
- भौगोलिक विकटताको कारण समयमा उपचार नपाएर जीवन गुमाउनु पर्ने आम सर्बसाधारण जनताहरुको स्वास्थ्यलाई मध्येनजर गर्दे प्रभावकारी प्रेषणको व्यवस्था मिलाईने छ । साथै गाउँपालिकामा औषधीहरुको बफर स्टक राख्ने व्यवस्था मिलाईनेछ ।
- भौगोलिक विकटताको कारण समयमा उपचार नपाएर जीवन गुमाउनु पर्ने आम हरुलाई ग्रमिण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरि गर्भवती आमाहरुको जिवन बचावट एवंम अल्ट्रसाउण्ड मेसिन खरिद तथा नर्सिङ कर्मचारीलाई तालिमको ब्यबस्था गरिने छ ।
- आम सर्बसाधारण जनताहरुको स्वास्थ्यलाई मध्येनजर हेर्दै स्थानीय स्तरमा पाईने जडिबुटी संकलन गर्ने र आयूर्बेद औषाधलय स्थापना एवं कर्मचारीको ब्यबस्थापन गरिने छ ।
- विश्वमा फैलिएको कोरोना भाईरस महामारीको बेलामा खटिएका स्वास्थ्य क्षेत्रका स्वास्थ्यकर्मिलाई विमाको व्यवस्था गरिने छ ।
- भैगोलिक बिकटता, छरिएको बस्ती,अल्प सँख्या, असक्त, अपाँङ्ग जेस्ठ नागरीकहरुको स्वास्थ्य स्थीतिलाई मध्य नजर गरी कम्तीमा वर्षको दुई पटक निशुल्क स्वास्थ्य शिविर सँचालन गरिने छ ।
- स्वास्थ्य र पोषण स्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको ब्यवस्थाMSNPकार्यक्रमबाट प्रत्येक्ष लाभान्धीत रुपमा लागु गरिने छ ।

**युवा तथा खेलकुद :**

कोभिड १९ ले सिर्जित वढ्दो वेरोजगार युवा लक्षित सीपमूलक तालिमका साथै व्यवसायमूलक कार्यक्रम संचालनको लागी आव्यश्यक समन्वय र सहजिकरणको लागी आवश्यक व्यवस्था मिलाईने छ ।

**दलित लक्षित कार्यक्रम :**

- सिपमूलक तालिम प्रदान गर्नुका साथै उपयुक्त सिपलाई व्यवसायीक बनाउन आवश्यक स्रोत तथा सामाग्रीहरु उपलब्ध गराईने छ ।

- दलित महिला सशक्तिकरणका लागी आवश्यक कार्यक्रमहरु संचालनमा ल्याईने छन ।

**महिला, बालबालिका तथा जेष्ठ नागरिक**

चंखेली गाउँपालिकामा भएका महिला, बालबालिका तथा जेष्ठ नागरिकाहरुको विकास, सामाजिक सुरक्षा संरक्षण र सम्मान गर्नका लागि तल उल्लेखित नीति तथा कार्यक्रमहरु संचालनमा ल्याईने छन् ।

- महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको विकास, सुरक्षा र सम्मानका लागि विभिन्न खालका प्रभावकारी कार्यक्रमहरु संचालनमा ल्याईने छ ।
- छाउपडि प्रथा र पालिकामा भएका अन्य कुप्रथाहरु न्युनिकरण गर्नका लागि जनचेतनामुलक कार्यक्रमहरु गरिने छ । यसका लागि विशेष गरि सडक नाटक, घरदैलो कार्यक्रम, ब्यानर पम्प्लेट टाँस्ने तथा आवश्यक परामर्श जस्ता कार्यक्रमहरु गरिने छ ।
- आमा समुह सक्रियताका लागि आवश्यकता अनुसार पुर्न गठन गरि विभिन्न खालका कार्यक्रम संचालनमा ल्याउनका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- किशोरी समुह गठन गरि महिला तथा बालबालिका सम्बन्धि कार्यक्रम (जस्तै बाल विवाह न्युनिकरण) संचालनमा ल्याउन महिला, बालबालिका तथा जेष्ठ नागरिक कार्यलयसँग आवश्यक समन्व गर्ने व्यवस्था मिलाईने छ ।

**खानेपाानी तथा सरसफाइः**

- चंखेली गाउँपालिकाका सम्पूर्ण नागरिकलाई आधारभूत खानेपानिको सुनिश्चतता गरिने छ ।

**संस्कृतिः**

- चंखेली गाउँपालिका  भित्रका पुरातन  कला , संस्कृति ,भाषा, साहित्य संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिइएने छ ।
- मुगु हुम्ला लिंक रोड र कर्णाली कोरिडोरको स्तरोन्नतीलाई विशेष प्राथमिकता दिइने छ ।

## ३.पूर्वाधार विकास

**सडक तथा पुल**

- चँखेली गाँउपालिकाको केन्द्रदेखि सबै वडाहरुसम्म मोटरबाटो निर्माणलाई उच्च प्राथमिकताका साथ अगाडी बढाइने छ  ।
- मुगु हुम्ला लिंक रोड र कर्णाली कोरिडोरको स्तरोन्नतीलाई विशेष प्राथमिकता दिइने छ ।

- गाँउपालिका भित्र  ठाँउहरुमा साना पक्की पुल तथा झोलुङगे पुल निर्माणमा विशेष ध्यान दिइनेछ । साथै ठुला तथा मोटरे पक्की पुल निर्माणका लागि सम्बन्धित निकायहरुसँग पहल गरिनेछ ।

**सिंचाई :**

- परम्परागत तथा आधुनिक सिंचाई योजनाहरु लाई विशेष प्राथमिकतामा राखिनेछ र गाँउपालिका भित्रका सबै कृषि जमिनहरुमा सिंचाई हुने व्यवस्था मिलाईनेछ ।

<u>उर्जा लघु तथा साना जलविद्युत वैकल्पिक उर्जा समेत</u>

- गाँउपालिका भित्र वैकल्पिक उर्जा प्रयोगमा जोड दिइनेछ ।
- लघु जलविद्युत योजनाहरुको लागि विभिन्न सरोकारवालाहरुसँग साझेदारीमा जोड दिइनेछ ।साथै ठुला तथा मझौला जलविद्युत आयोजनाहरु निर्माणका लागि पहल गरिनेछ ।
- खापर खोला लघु जलबिद्युत तथा खारखोला लघु जलबिद्युत मर्मत र ट्रान्समिसन लाइन विस्तारका लागी र वडा नं. ५ लक्षित घट्टेघोला लघु जलविद्युतका लागि बजेट विनियोजन गरिएको छ ।

**वन तथा वातावरण**

- यस गाउँपालिका भित्र रहेका सरकारी एवं सामूदायिक वनहरुको संरक्षण, प्रवर्द्धन र उपभोगलाई व्यवस्थित गरिनेछ ।
- वन, वातावरण तथा पर्यटन संरक्षणको लागि समय समयमा जनचतेना मुलक कार्यक्रम, अन्तरक्रिया तथा अन्य सम्बन्धित कार्यक्रमहरु संचालन गरिने छ ।
- जडिबुटिलाई संरक्षण संकलन र प्रशोधन व्यवस्थापनको लागी आवश्यक पहल  गरिने छ ।
- वन संरक्षणको लागि वन काट्ने उपकरणलई आवश्यक दायरामा ल्याई संचालन गराउन दिईने छ ।
- नेपाल सरकारको वृक्षारोपण कार्यक्रम अनुरुप पालिकाको प्रत्येक वडामा वृक्षारोपण गरिने छ ।
- चंखेलि गाउँपालिकाका प्रत्येक वडामा नर्सरी खोल्न संघ र प्रदेशमा पहल गरिने छ ।

**<u>पर्यटन :</u>**

- यस चंखेली गाउँपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक, प्राकृतिक तथा भौतिक स्थलहरुको पहिचान र प्रचार प्रसारको लागी सरोकारवाला संग समन्वय गरिनेछ ।

**<u>भूसंरक्षण जलाधार संरक्षण वातावरण संरक्षणतथा जलवायू परिवर्तन</u>**

- दुर्लभ पशुपंक्षि एंव वन्यजन्तुको समुदायमा आधारित संरक्षण प्रणाली अबलम्बन गरिनेछ ।
- जलवायू परिवर्तन अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- हरियो चँखेली गाँउपालिका भन्ने अवधारणा लागु गर्न विशेष जोड दिइनेछ ।

- पानीका मुहान तथा कुलकुलेसाहरु संरक्षण तथा व्यवस्थित गरिनेछ ।कटान भएका क्षेत्र संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिता दिइनेछ

**विपद व्यवस्थापन**

- विपदबाट प्रभावति हुन सक्ने क्षेत्रहरुको पहिचान गरि विपत प्रतिकार्य को लागी आवश्यक व्यवस्था मिलाईने छ ।
- गाँउपालिकामा एक प्रकोप व्यवस्थापन कोष निर्माण गरिनेछ । साथै विपद व्यवस्थापन सम्बन्धि विभिन्न निकायहरुसँग उचित समन्वय गरिनेछ ।

**५.संस्थागत विकास तथा सेवा प्रवाह**

मानव संसाधन तथा संस्थागत क्षमता विकास

- गाँउपालिकाको समग्र विकासका लागि विभिन्न तालिम गोष्ठी भ्रमण अध्ययन अनुसन्धान जस्ता कार्यहरुमा जोड दिइनेछ ।
- स्थानिय सीप श्रोत साधन र क्षमताको अधिकतमा उपयोग गर्न विभिन्न सरोकारवाला संघ संस्थाहरुसंग साझेदारीमा विशेष जोड दिइनेछ ।

संस्थागत पूर्वाधार नागरिक वडापत्र

- गाँउपालिका भित्र अपाङ्ग असहाय वालमैत्री र लैङ्गिकमैत्री पूर्वाधारहरुको निर्माण तथा मर्मत सुधार गरिनेछ ।साथै तिनिहरुको लागि सेवाप्रवाहमा विशेष सहुलियत दिइनेछ ।

सेवा प्रवाहका मापदण्ड निर्धारण

- न्युनतम शर्त तथा कार्यसम्पादन मुल्याङकन निर्देशिकाको पालना गरिनेछ ।
- विकासका कार्यक्रमहरुमा सार्वजनिक निजी साझेदारीको नीति अबलम्बन गरिनेछ ।

सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधीको प्रयोग

- सेवा प्रवाहका सम्पूर्ण कार्यहरु कम्प्यूटर र इन्टरनेट प्रणाली मार्फत गरिनेछ ।
- सेवा प्रदायक र सेवाग्राहीहरु प्रविधिमैत्री बनाउन विभिन्न तालिम तथा संचारका कार्यक्रमहरु संचालन गरिनेछ ।

**वित्तिय व्यवस्थापन र सुशासन**

राजस्व परिचालन वित्तिय अनुशासन र वित्तिय जोखिम न्युनिकरण

- संचित कोषबाट हुने तलबभत्ता लगायत सबै सरकारी भुक्तानी सम्बन्धीत व्यक्ती तथा संस्थाको बैङ्क खाता मार्फत मात्रै गरिनेछ ।
- आर्थिक मितव्ययीतालाई जोड दिंदै सुशासन अभिवृद्धिमा जोड दिइनेछ ।
- विभिन्न करका क्षेत्रहरु पहिचान गरी नियमानुसार राजस्व संकलन गरिनेछ ।

लेखाङ्कन आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली सार्वजनिक सुनुवाई सामाजिक परिक्षण अन्तिम लेखा परिक्षण तथा वेरुजु फछ्यौंट

- गाँउपालिकाको आर्थिक कारोबारहरुको प्रचलित कानुनअनुसार चुस्त दुरुस्त लेखाङ्कन गरिने छ।र नियमानुसार आ.ले.प र म.ले.प गरी वार्षिक क्रियाकलापहरु तथा आय व्ययको विवरण आर्थिक मसान्त सकिदा वित्तिकै यथासिघ्र सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाईने छ ।
- बेरुजु र बेरुजु फछ्यौंटको विषयमा अति सम्बेदनशिलता अपनाइने छ ।

**न्यायिक :**

- न्यायिक समितिले बनाएको कार्यविधि अनुसार कामहरु सम्पदान गरिने छन्।
- न्यायमा एकरुपता तथा पारदर्शिता कायम राखि कानुनको शासन तथा न्याय प्रतिको जनविश्वास कायम राखिने छ।
- न्यायिक समितिले आफु समक्ष दर्ता भएको विवादमा प्रतिवादि उपस्थिति भएको मितिले ३ महिना भित्र मेलमिलापको माध्यमबाट टुङ्गो लगाई सक्ने छ।
- मेलमिलाप तथा मुद्दा निरुपण गर्नका लागि आवश्यकता अनुसारको विशेषज्ञ व्यवस्थापन गरिने छ।

**सरकारी तथा गैर सरकारी संस्थाहरु**

अब म यस गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सदैब सहयोग गरि संचालन भएका गैर सरकारी संस्थाहरुसँग साझेदारीमा विविध कार्याक्रमहरु संचालनमा ल्याईनेछ।

- सहभागी संस्था

आ.व.२०७८।७९

**राजस्व अनुमान :**

**सभा** अध्यक्ष ज्यू तथा सदस्य ज्यूहरु,

अब म आ.व.२०७८/७९ को प्रस्तावित बजेटअनुमान प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

आ.व.२०७८/७९ को लागि चँखेली गाँउपालिकाको कुल प्रस्तावित बजेट रु ३२,३६,५३,०००। लागि रु ३२ करोड ३६ लाख ५३ हजार रुपैया हुन आएको छ ।

| श्रोत | रकम रु |
|---|---|
| नेपाल सरकारबाट अनुदान | २३,२१,००,०००। |
| आन्तरिक राजस्वअनुमान | २०,००,०००। |
| प्रदेश सरकारवाट अनुदान | ३,०१,५६,०००। |
| राजस्व वाँडफाँड प्राप्ति नेपाल सारकार | ५,९३,९७,०००। |

| जम्मा | ३२,३६,५३,०००। |
|---|---|

आ.व.२०७८/७९ **व्यय अनुमान :**

यसैगरी आ.व **२०७८/७९ का लागी** चंखेली् गाउँपालिका लागि रु **३२ करोड ३६ लाख ५३ हजार** रुपैया विनियोजन गरिएको छ । कुल विनियोजन मध्ये **चालु तर्फ रु १७ करोड ७० लाख ०६ हजार मात्र** र **पुजिगत तर्फ रु १४ करोड ६६ लाख ४७ हजार** विनियोजन गरेको छु, भने चंखेली गाउँपालिका भित्र कार्यक्रमहरु संचालन गर्नका लागी **सहभागी संस्थाद्धारा रु ४१ लाख २९ हजार ३ सय ७२ रुपैया** बराबरको को कार्यक्रम पेश भएको छ ।
नेपाल सरकार द्धारा **शसर्त अनुदान बाट प्राप्त रु ११ करोड ९ लाख सहित चालु तर्फ** राखिएको हुनाले कुल बजेटमा चालु खर्चको अंश बढि देखिएको छ । अब म बिषयगत क्षेत्र तथा अन्य क्षेत्रगत विकास तर्फ विनियोजित बजेट पेश गर्न चाहान्छु ।

उल्लिखित खर्चलाइ कार्यक्षेत्रगत रुपमा तपसिल बमोजिम वर्गिकरण गरेको छु,
**०१) सामाजिक विकास ९ करोड ३४ लाख ४९ हजार मात्र**
**०२) आर्थिक विकास ३ करोड ७६ लाख मात्र**
**०३) पुर्वाधार विकास ११ करोड ७२ लाख ६८ हजार मात्र**
**०४) संस्थागत विकास, सेवा प्रवाह र सुशासन ७ करोड ५३ लाख ३६ हजार मात्र**

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू वडाध्यक्ष ज्यूहरु लगायत वडासमितीहरु राजस्व र बजेट सम्बन्धीका विभिन्न समितीहरु वुद्धिजिविज्यूहरु विभिन्न राजनैतिक दलका साथीहरु नागरिक समाज पत्रकार प्रमुख प्रशासकिय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी सम्पूर्ण चँखेली गाँउपालिका वासी जनता र देश विदेशमा रहनुहुने दाजुभाईहरु तथा दिदिबैनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस चँखेली गाँउपालिकाको विकास र समृद्धिमा निरन्तर सद ्भाव र सहयोग पुर्याउनुहुने चँखेली गाँउपालिकाकाका नागरिक कर प्रदायकहरु चँखेली गाँउपालिकाको हित र समुन्नतीका लागि कार्यरत सबै विकासका साझेदार सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै दिगो विकासका राष्ट्रिय लक्ष्य हासिल गर्न सार्वजनिक निजी साझेदारी गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

समस्याहरु धेरै आउन सक्छन सबै समस्याहरु एकैपटक समाधान गर्नपनि नसकिएला तर बर्तमान बस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरुको समाधान गर्न हामी चँखेली वासी कटिबद्ध प्रतिवद्ध र एकताबद्ध भयौं भने अबश्यपनि चँखेली गाँउपालिकाको उज्ज्वल भविष्य निर्माण गर्न सकिन्छ । आशावादी बनौं ।

धन्यवाद ।